# सम्माननीय प्रधानमन्त्री तथा विभागीय मन्त्री एवम् गरीब घरपरिवार सहयोग समन्वय बोर्डका अध्यक्ष श्री शुशिल कोईराला समक्ष प्रस्तुत प्रतिबेदन


<u>प्रस्तुतकर्ता</u>

चिन्तन पौडेल

कार्यकारी उपाध्यक्ष

गरीब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय

सहकारी तथा गरिबी निवारण मन्त्रालय


२०७२ अषाढ

## १. पृष्ठभूमी

निरपेक्ष गरीबको रेखामुनि रहेका नागरिकहरुको जीवनस्तर उकास्नका लागि सरकारी तथा गैरसरकारी संथाहरुबाट सञ्चालित विभिन्न कार्यक्रमहरुको प्रतिफलस्वरुप विगतका निकै उच्च रहेका गरिबीको दर हालका बर्षहरुमा केहि कम देखिएको छ । तथापि , हालपानि आर्जनका हिसाबले समग्र देशभरमा १०० जनामा २५ जना अर्थात एक चौथाई मानिसहरू आयमुलक गरिबी देखिएको छन भने बहुआयामिक गरिबीका हिसाबले १०० मा ४४ जनामा गरिबी देखिएको पछिल्ला नेपाल जीवनस्तर सर्वेक्षण र नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षणहरुले देखाएका छन् । हाल विद्यमान गरिबको दुस्चक्रलाई तोड्नको लागि गरिबी निवारणमा प्रत्यक्ष हस्तक्षेप , गरिब घरपरिवार परिचयपत्र,मार्फत हुन आबश्यक ठानि नेपाल सरकारले २०६९ साल भाद ५ गते समन्चय बोर्डको गठन गरेको छ । यस समन्चय बोर्डले विभिन्न निकायहरुबाट सञ्चालित गरीब लक्षित कार्यक्रमहरुको एकातफ कार्यन्वायनपुर्व लक्षित समुहको पहिचान विधिसम्मत एवं पारदर्शी तरिकाले गर्ने र यस्ता कार्यक्रमहरुबाट हुने चुहावट तथा सञ्चालन खर्चमा कमि ल्याउन मद्दत पुग्ने देखिन्छ भने अकोतर्फ एउटा निश्चित समयको लगि गरीब समुह अन्तर्गत पहिचान गरिएको बर्गको उत्थानको लागि राज्यले एकिकृतरुपका स्रोत साधनको व्यवस्थापन गरी गरिबीको दुष्चक्रबाट बाहिर निकालेर विकासको मुलप्रवाहमा हिडाउन बल पुग्ने देखिन्छ ।

त्यसैगरी राष्ट्रको झन्डै १२ लाख ५० हजार घरपरिवार अथवा करिव ७० लाख व्यक्ति अझै गरीबीको रेखामुनि रहेको अनुमान रहेकोले चालु योजनामा नेपालको आयमूलक गरिबी २३.८ प्रतिशतबाट १८ प्रतिशतमा झार्ने प्रयासमा सफलता हासिल गर्नको लागि विकासको मूल प्रवाहमा समेटिन नसकेका, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विभिन्न वर्ग तथा समुदायलाई लक्षित कार्यक्रमहरुको प्रभावकारी सञ्चालन गर्न आर्थिक हैसियत खुल्ने परिचयपत्र प्रणाली लागु गर्ने राज्यले लिएको नीति अनुरूप समन्वय बोर्डले कार्यहरू अगाडी बढाई रहेको छ ।

हाल २५ जिल्लाहरुबाट शुरु गरिएको गरिब घरपरिवार पहिचान कार्यक्रम चरणबद्धरुपमा देशको ७५ जिल्लामा लागु गर्ने बोर्डको लक्ष्यरहेका छ ।

## २. कार्यक्रमको उद्देश्य

विभिन्न मन्त्रालय एवं गैरसरकारी संथाहरु मार्फत सञ्चालन हुने गरीब लक्षित कार्यक्रमहरु तथा सामाजिक संरक्षण लगायतका सबै प्रकारका संचालित सेवा तथा कार्यक्रमहरु गर्ने संचालन गर्ने निकायहरुको समन्वय, नीती निर्देशन, मार्गदर्शन, नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्ने र परिचयपत्रको माध्यमबाट एकाद्धार प्रणलिमा ल्याउन अभिप्रेरित गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ । अन्य सहायक उद्देश्यहरू निम्न रहेका छन ।

१. गरीब घरपरिवार पहिचान र परिचयपत्र वितरण गर्ने ।

२. घरपरिवारले पाउने सेवा सुविधाका सम्बन्धमा नेपाल सरकारलाई सिफिरिश गर्ने

३. गरीब घरपरिवारको पहिचान गर्ने उपयुक्त विधि ,आकार र मापदण्ड स्वाकृत गर्ने,

४. गरीब घरपरिवार पहिचान र परिचयपत्रको वर्गीकरण र ढाँचा स्वीकृत गर्ने ,

५. गरीब घरपरिवार पहिचान र परिचयपत्र वितरण कार्यको समय समयमा अनुगमन तथा मूल्यांकन गर्ने ।

## ३. बोर्ड तथा बोर्ड सचिवालयको काम, कर्तव्य र अधिकार

गरीब घरपरिवार पहिचान र परिचयपत्र व्यबस्थापन तथा वितरण सम्बन्धी कार्यविधि, २०६९ को दफा ३(१) मा गठित समन्वय बोर्डले सोही निर्देशिकाको दफा (५) मा निम्न बमोजिमका कार्यहरू निर्दिष्ट गरेको छ ।

१. विभिन्न मन्त्रालयहरु एवं गैरसरकारी संस्थाहरु मार्फत सञ्चालन हुने गरीब लक्षित कार्यक्रमहरुको समन्वय, नीति निर्देशन, मार्गदर्शन, नियमन, सुपरिवेक्षण लगायतका कार्यहरु गर्ने,
२. गरीब घरपरिवारको पहिचान गर्ने उपयुक्त विधि, आधार र मापदण्ड स्वीकृत गर्ने,
३. गरीब घरपरिवार पहिचान र परिचयपत्रको वर्गीकरण र ढाँचा स्वीकृत गर्ने,
४. गरीब घरपरिवार पहिचान र परिचयपत्र वितरण सम्बन्धी कार्यक्रम लागू हुने जिल्लाहरुको छनौट गर्ने,

५. गरीब घरपरिवार पहिचान र परिचयपत्र प्राप्त गर्ने घरपरिवारले पाउने सेवा , सुविधाका सम्बन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने,
६. बोर्डको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,
७. झुठो विवरण दिई परिचयपत्र प्राप्त गर्ने, त्यस्तो सेवा सुविधा दुरुपयोग गर्ने र सो कार्यमा सहयोग पुरयाउने उपर गर्नुपर्ने कानुनी कारवाहीका लागि नेपाल सरकार समक्ष पठाउने,
८. गरीब घरपरिवार पहिचान र परिचयपत्र वितरण कार्यको समय समयमा अनुगमन गर्ने गराउने, र
९. बोर्डले नेपाल सरकार वा अन्य निकायबाट कर्मचारी काजमा ल्याई काम लगानउ सक्ने ।

बोर्डको दैनिक प्रशासन संचालन गर्न सहकारी तथा गरीवी निवारण मन्त्रालयमा बोर्डको सचिवालय रहेको छ । उक्त सचिवालयको प्रमुख वा संयोजक समन्वय बोर्डको कार्यकारी उपाध्यक्ष हुने व्यवस्था छ र निजको प्रत्यक्ष निर्देशनमा निम्न बमोजिम काम, कर्तव्य सोही निर्देशिकाको दफा (८) मा व्यबस्था गरेको छ ।

१. गरीब घरपरिवार पहिचान गर्ने उपयुक्त विधि र मापदण्ड बोर्ड समक्ष सिफारिश गर्ने,
२. गरीब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्यक्रम चरणबद्ध रुपमा संचालन गर्ने व्यवस्था मिलाउने,
३. गरीब लक्षित कार्यक्रमको अभिलेख अद्यावधिक गर्ने,
४. गरीब घरपरिवारको पहिचान र परिचयपत्र वितरण कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,
५. स्थानीय निकाय लगायत अन्य सम्बद्ध संस्थाहरुसँग समन्वय गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने व्यवस्था मिलाउने,
६. परिचयपत्र प्राप्त गर्ने घरपरिवार तथा त्यस्तो परिवारले प्राप्त गर्ने सेवा सुविधाहरुको अभिलेख अद्यावधिक गरी राख्ने,
७. विभिन्न मन्त्रालयहरु एवं अन्य गैरसरकारी संस्थाहरु मार्फत संचालन हुने गरीब लक्षित कार्यक्रमहरुको समन्वय गर्न सहयोग गर्ने,
८. जिल्लागत गरीवी तथ्यांक (डाटावेस) तयार गर्ने,

९. गरीब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण लगायत कार्यका सन्दर्भमा गरिने सर्वेक्षण, तथ्यांक प्रविष्टि, तथ्यांक प्रशोधन आदि कार्यहरुका लागि केन्द्रीय तथ्यांक विभाग तथा शाखा तथ्यांक कार्यालयहरुको सहयोग माग गर्ने,

१०. परिचयपत्र वितरण कार्यक्रम संचालनको लागि आवश्यक बैठक , तालिम, गोष्ठी, छलफल, भ्रमण लगायत कार्यक्रमहरुको व्यवस्थापन गर्ने,

११. बोर्डका निर्णयहरुको अभिलेख राख्ने तथा बोर्डको निर्णय कार्यान्वयन गर्ने वा गराउने र

१२. बोर्डले समय समयमा तोके बमोजिमको कार्य गर्ने ।

## ४. बोर्ड तथा बोर्ड सचिवलयबाट भए गरेका कार्यहरूको प्रगती विबरण

बोर्ड सचिवालयबाट भए गरेको कार्यको प्रगतीलाई निम्न अनुसार तीन किसिमबाट प्रस्तुत गरिएको छ ।

## ४.१ बोर्डले गरेको निर्णय तथा सोको कार्यान्वयन अबस्था

| सि.न. | बोर्ड प्रस्तावको सारांश | बोर्डको निर्णय | कार्यान्वयन पक्ष |
|---|---|---|---|
| १ | **गरिव घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण बोर्ड सचिवालयको दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा प्रस्ताब पेश गरियो ।** | बोर्ड सचिवालयको १७ जनाको स्विकृत अस्थायी दरबन्दी र सो अनुसारको संगठन संरचनालाई स्विकृती गरियो। | बोर्डले स्वीकृत गरेको संगठन संरचना अनुसार कार्य भएको । सबै कर्चारीहरूको कार्यादेश दिईएको । |
| <u>२</u> | **गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यविधी (पहिलो संशोधन) २०६९ सम्बन्धमा** | गरीब घरपरिवार पहिचान र परिचयपत्र व्यबस्थापन तथा वितरण कार्यविधि २०६९ को पहिलो संशोधनको लागि प्रस्तुत तीन महले विबरण सहितको कार्यविधि मस्यौदा कानून , न्याय तथा संसदीय व्याबस्था मन्त्रालयले प्रस्तुत गरेको सारभूत पक्ष र शुद्धाशुद्धीका व्यहोराहरू समाबेस गर्ने गरी स्वीकृत गर्ने । | कानून , न्याय तथा संसदीय व्याबस्था मन्त्रालयको सहयोगमा उक्त कार्यविधिलाई सारभूत पक्ष र शुद्धाशुद्धीका व्यहोराहरू समाबेस गरी एकिकृत कार्यविधि लागु गरिएको । |
| ३ | **गरीव घरपरिवार पहिचान सम्बन्धी आर्थिक निर्देशिका (दोस्रो संशोधन) २०६९ सम्बन्धमा प्रस्ताब पेश गरियो ।** | गरीब घरपरिवार पहिचान सम्बन्धी आर्थिक निर्देशिका २०६९ को दोस्रो संशोधन गर्न प्रस्तुत गरिएको तीण महले विबरण अनुसार संशोधन गर्न स्विकृत गरियो र सो सम्बन्धमा अर्थमन्त्रालयको सहमति प्राप्त | अर्थमन्त्रालयको सहमति प्राप्त गरेको र सो स्विकृतको लागि म.प. पेश हुने प्रकृयामा रहेको |

| | | | |
|---|---|---|---|
| | | गरी मन्त्रीपरिषद्मा स्विकृतको लागि पेश गर्ने । | |
| ४ | **आ.ब. २०७१-७२ को बार्षिक बजेट अनुमोदन तथा रकमान्तर सम्बन्धमा प्रस्ताब पेश गरियो ।** | चालु आर्थिक बर्ष २०७१-७२ को लागि विनियोजित रू ५,२७,७५,००० को बजेट जानकारी गरियो र थप रकम रू. ४,९४,५०,००० अर्थमन्त्रालयमा माग गर्ने सम्बन्धमा अर्थ मन्त्रालयसँग छलफल गरी तय गर्ने र रकमान्तर गर्नको लागि पठाउने तथा थप बजेट रकमान्तर स्वीकृत भएपछि कार्यक्रम संचालनग गर्न स्विकृत दिने । | अर्थ मन्त्रालयले चालु आ.व.को बजेट बाटै रकमान्तर गरेको र चालु आ.व. को कार्यक्रम संचालन गर्न सहमति प्रदान गरेको |
| ५ | **जिल्लामा नमूना फिल्ड भ्यारीफिकेसन पाईलट सर्बेक्षण सञ्चालन गर्ने सम्बन्धमा तनहुँ, कपिल्बस्तु र गोरखा जिल्ला प्रस्ताब गरिएको** | सिराह, तनहुँ र अछाम जिल्लामा नमूना पाईलट सर्बेक्षण सञ्चालन गर्ने र सोको नतिजा बोर्डमा पेश गर्ने | बोर्डको तेह्रौ बैठकमा फिल्ड भ्यारिफिकेसनको नतिजा तथा सुझाव सहितको प्रतिबेदन पेश गरिएको । सोको निष्कर्ष सोही बोर्ड बैठकमा प्रस्तुत गरिएको । |
| ६ | **गरिव घरपरिवार परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (PHIMIS) सफ्टवेयर स्वीकृत सम्बन्धमा ।** | बोर्ड सचिवालयले तयार गरेको गरीब घरपरिवार परिचयपत्र व्यबस्थापन सूचना प्रणाली (PHIMIS) **को जानकारी गरियो र सो सफ्टवेयर प्रयोग गरी कार्यक्रम** संचालन गर्न सहमति दिने निर्णय गरियो । | गुनासो सुनुवाई प्रयोजनको लागि गरीब घरपरिवारको प्रारम्भिक सूची सार्वजनिक सँगै PHIMIS सार्बजनिक हुने । म.प. मा प्रारम्भिक सूची पेश गर्ने प्रकृया अगाडी बढाईएको । |
| ७ | **कार्यक्रमको प्रभावकारीताको लागि २५ जिल्लामा जिल्लामा न्यूनतम IT मा स्नातक गरेको वा जुनसुकै विषयमा स्नातक तह उतिर्ण गरी एक बर्ष कम्प्यूटर सम्बन्धी तालिम र कम्तीमा एक बर्ष कामको अनुभव भएको व्यक्तिलाई सूचना प्रविधिको कार्यमा सहयोग पर्याउन अधिकृत स्तरको रूपमा जिल्ला समन्वय समितिका कार्यालयमा रहने गी नियूक्त गर्नको लागि प्रस्ताव गरिएको ।** | अर्थ मन्त्रालयबाट थप बजेट स्वीकृत भएपछि सो बजेटको अधिनमा रही प्रस्तावमा उल्लेखित योग्यता र अनुभव भएका उम्मेदवारलाई २०७१ फाल्गुण देखि २०७२ असार मसान्तसम्मको लागि परामर्श सेवामा नियूक्ती गर्न स्वीकृत । | २५ वटै जिल्ला विकास समितिलाई उल्लेखित योग्याता भएका IT अधिकृत नियूक्त गर्न परिपत्र गरिएको र अधिकाशं जिल्लाहरूले IT अधिकृत नियूक्त गरी कार्यक्रम गरिरहेको । |

| | | | |
|---|---|---|---|
| ८ | **"गरीब घरपरिवार पहिचान र परिचयपत्र व्यबस्थापन तथा वितरण समन्वय वोर्ड" को नाम परिवर्तन गर्ने सम्बन्धमा ।** | समन्वय बोर्डको नाम "गरीब घरपरिबार सहयोग समन्वय बोर्ड ( Poor Household Support Coordination Board)" राख्ने निर्णय गरियो र सो बमोजिम प्रकृया पुरा गरी कार्यविधि र निर्देशिकाहरू परिमार्जन गर्ने । | म.प. बाट स्वीकृत प्राप्त भई कार्यान्वयनमा ल्याईएको । |
| ९ | **गरिव घरपरिवार पहिचान विधि तथा Proxy Mean Testing (PMT) Score/Weight स्वीकृत सम्बन्धमा । १. प्रस्तराव गरिएको PMT Score स्वीकृत गर्ने**<br>**२. के.त.वि. ले प्रकाशन गरेको जिल्ला गरिबीको दरलाई सोही जिल्लाको थ्रेसहोल्ड राख्ने**<br>**३. उक्त थ्रेसहोल्डको आधारमा ५०% अति गीब, ३०% गरीब बर्ग र २०% गरीब नजिक रहेका** | व्यबस्थापनको प्रस्ताव १, २ र ३ बमोजिम गरीब घरपरिवार पहिचान PMT model, सूचकहरू, र जिल्लागत गरिबीको दरलाई सोही जिल्लाको थ्रेसहोल्ड कायम गरी गरीब घरपरिवार पहिचान गर्ने अनुमति प्रदान गर्ने र जनजाति प्रतिष्ठानको सूचीलाई समेत आधार मानी जातजाती वर्गिकरण गर्ने गरी समाविशीकरण व्यबस्था मिलाउने निर्णय गरियो । विनाशकारी भुकम्पले क्षतिग्रस्त भएका जिल्लाहरू लगायतका जिल्लाहरूमा उपयूक्त प्रकृया अबलम्बन गरी सर्बेक्षण कार्य सम्पन्न भएपछि सो विबरण भिडान गर्न माग भै आएमा सो जिल्लाहरूको घरपरिवारअरुको विबरण उपलब्ध गराउने व्यबस्था गर्ने । | गरिव घरपरिवार पहिचान विधि, PMT Score/Weight र थ्रेसहोल्डको आधारमा गरीब घरपरिवार पहिचान गरी बोर्डमा पेश गरी म.प. मा पठाउन स्वीकृत प्रदान भएको । |
| १० | **गुनासो सुनुवाई प्रयोजनका लागि पहिचान भएका गरिब घरपरिवारको प्रारम्भिक सुची स्वीकृत सम्बन्धमा** | गरीव घरपरिवार पहिचानको लागि स्वीकृत मापदण्ड र थ्रेसहोल्डको आधारमा पहिचान भएका गरिब घरपरिवारहरू र, मोडेलमा समाबेश हुन नसकेको घरपरिवारहरूको प्रारम्भिक सूची गुनासो सुनुवाई प्रयोजनको लागि स्वीकृत गर्ने र ़मन्त्रिपरिषदमा पेश गर्न स्वीकृत । | पहिचान भएका गरिब घरपरिवारहरू र, मोडेलमा समाबेश हुन नसकेको घरपरिवारहरूको प्रारम्भिक सूची गुनासो सुनुवाई प्रयोजनको लागि मन्त्रिपरिषदमा पेश हुने प्रकृयामा रहेको । |
| ११ | गुनासो सुनुवाई मार्गनिर्देशन, २०७२ स्वीकृत सम्बन्धमा : | गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यबस्थापन तथा वितरण सम्बन्धी कार्यविधि, २०६९ को परिधि भित्र रही गुनासो संकलन तथा सुनुवाईलाई प्रभावकारी र व्यबस्थित तरिकाले सञ्चालन गर्ने प्रयोजनको लागि गुनासो सुनुवाई मार्गनिर्देशन, २०७२ लाई स्वीकृत | बोर्डबाट स्वीकृत गुनासो सुनुवाई मार्गनिर्देशन, २०७२ लाई जिल्लामा पठाउने तयारीमा रहेको । |

| | | | |
|---|---|---|---|
| | | गरिएको । | |
| १२ | पहिचान भएका गरिब घरपरिवारहरूको स्थलगत अध्ययन प्रतिबेदन सम्बन्धमा | प्रस्तावित मापदण्डका आधारमा पहिचान भएका गरीब घरपरिवारको सुद्धता जाँच परिक्षण गरी स्थलगत अध्ययन प्रतिवेदनको निष्कर्षको बारेमा जानकारी गरियो । | घरपरिवारको सुद्धता जाँच परिक्षण गरी स्थलगत अध्ययन प्रतिवेदनको आधारमा पूर्व प्रस्तावित मोडेललाई संशोधन गरी लागु गरिएको । |
| १३ | गरिब घरपरिवार सर्बेक्षण, २०७२ प्रश्नावली अनुमोदन र सो कार्यक्रम संचालनको लागि तत्काल आवश्यक पर्ने बजेट सम्बन्धमा: | प्रस्तावित भूकम्प प्रभावित १६ जिल्लाहरू मध्ये ४ जिल्लामा विबरण अद्यावधिक र १२ जिल्लामा गरिब घरपरिवार सर्बेक्षण, २०७२ सञ्चालनको लागि प्रश्नानावली तथा बजेट परिमार्जन समितिले पेश गरेको परिमार्जित प्रश्नावली अनुमोदन र उक्त सर्बेक्षण कार्यक्रम आ.व. २०७२/७३ मा सञ्चालन गर्ने आबश्यक पर्ने रू. १७ करोड ९ लाख ९५ हजार स्विकृत गर्ने र सो बजेट अर्थ मन्त्रालयमा माग गर्ने । | बाह्रौ बोर्डबाट गठित कार्यकारी उपाध्यक्षको संयोजकत्वमा गृह, स्थानीय विकास मन्त्रालयका सहसचिव र कन्द्रीय तथ्यांक विभागका महानिर्देशक र बोर्ड सचिवालयका निर्देशकको समितिले तयार गरेको परिमार्जित प्रश्नावली र बजेट तथा कार्यक्रम कार्य सम्पन्न गरी तेह्रौ बोर्ड बैठकमा पेश भएको । बजेट मागको लागि प्रकृया अगाडी बढाईएको । |
| १४ | वोर्ड सचिवालयको हालको मौजुदा संगठन संरचनामा परिमार्जन र दरबन्दी थप सम्बन्धमा: | आगामी आ.व. २०७२/७३ को लागि प्रस्तावित जम्मा ३२ जनाको अस्थाई दरवन्दी स्वीकत गरी सहमतिको लागि अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयमा पठाउने । | अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालय को सहमतिको लागि प्रकृया अगाडी बढाइएको । |
| १५ | २५ जिल्लाको बजेट तथा कार्यक्रम अनुमोदन तथा थप ३८ जिल्लाको लागि बजेट प्रस्ताव सम्बन्धमा : | आगामी आ.ब. ०७२/७३ को लागि साविक २५ जिलाको कार्यक्रम संचालनार्थ तयार गरी सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पेश गरिएको रु. १८ करोड | बजेट अर्थ मन्त्रालय को सहमतिको लागि प्रकृया अगाडी बढाईएको । |

| | | | |
|---|---|---|---|
| | | बजेट सहितको कार्यक्रम तथा बजेट लाई अनुमोदन गर्ने र थप ३८ (प्रस्ताव ४ नं. को बाहेक) जिल्लाका कार्यक्रम संचालन गर्नको लागि तयार गरिएको ३१ करोड बजेट तथा कार्यक्रम स्विकृत गर्ने र सो बजेट अर्थ मन्त्रालयमा माग गर्ने । | |
| १६ | **बोर्ड गठन सम्बन्धी निर्देशिका संशोधन कार्यदल गठन गर्ने** | गरीव घर परिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९ मा संशोधनको लागि संगठन संरचना, बोर्डको काम कर्तव्य र अधिकार, बोर्ड सचिवालयको काम, कार्यकारी उपाध्यक्ष, सदस्य सचिव लगायतको काम लगायतको विषयमा अध्ययन गरी सुधार गर्नु पर्ने विषयमा सुझाव सहित उक्त निर्देशिका १० दिन भित्र मस्यौदा गरी बोर्डमा पेश गर्न र बोर्डको स्वायत्तता सम्बन्धी कार्यको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।<br>- कार्यकारी उपाध्यक्ष- गरिब घरपरिवार सहयोग समन्वय बोर्ड - संयोजक<br>- उपसचिव, कानून, न्याय र संविधान सभा तथा संसदीयमन्त्रालय- सदस्य<br>- उपसचिव , सहकारी तथा गरिबी निवारण मन्त्रालय- सदस्य<br>- निर्देशक, गरिब घरपरिवार सहयोग समन्वय बोर्ड- सदस्य<br>- उपसचिव, गरिब घरपरिवार सहयोग समन्वय बोर्ड- सदस्य सचिव | बोर्डबाट गठित उक्त समितिका पदाधिकारीहरूको नाम तोकिपठाउन सम्बन्धित निकायमा पत्राचार गरिएको । |

## ४.२ बोर्ड सचिवालयले गरेका कार्यक्रम सोको प्रगती

१. २५ जिल्लाको Data Entry ,Coding , Scanning लगायत Data Analysis सम्बन्धि कार्यको लागि सार्बजनिक खरिद ऐन , २०६३ र सार्बजनिक खरिद ऐन नियमावली ,२०६४ मा भएको व्यवस्थानुसार Out sourcing को लागि सम्भाब्य सेवाग्राहि संस्थाहरूको सूचिबाट प्रतिस्पर्धात्मक तवरमा सबैभन्दा योग्य संस्थाको छनौट गरि सो कार्य गर्न जिम्मा लगाइएकोमा १२ लाख ४० हजार ३ सय ५० घरपरिवारको प्रश्नावलिहरूको ईडिटिङ, कोडिङ, डाटा ईन्ट्री र प्रश्नावलि फाराम स्कानिङ लगायतका कार्य सम्पन्न भएको ।

२. निम्न विशेषताहरू भएको गरिव घरपरिवार पहिचान व्यवस्थापन सूचना प्रणाली (PHIMIS) सफ्टवेयर तयार भएको । जसले जनस्तरको विश्वास्नियता, पारदर्शीता, उपयोगिता अभिवृद्धि हुनेछ । १. प्रश्नावलीहरू अनलाईन ईन्ट्री (२) फाराम नं., मूलीको नाम, थर लगायतबाट बिवरण खोजी कार्य (३) विभिन्न सूचकहरूको नतिजा स्थानीयस्थरमा हेर्न सकिने (४) गुनासो तथा सुनुवाई लगायतको लागि SMS सेवा (५) औठाको छाप (Biometric) लिन सकिने व्यबस्था (६) परिवार मूलीको फोटो लिन सकिने (७) डाटाहरू Export/Import गर्न सकिने (८) गरीब घरपरिवार पहिचान (९) गुनासो तथा उजुरी ईन्ट्री (१०) अस्थायी परिचयपत्र प्रिन्ट गर्ने (११) गरीब घरपरिवार लगायको प्रस्तुती तालिका तथा ग्राफिकल गर्न सकिने र (१२) गा.वि.स, न.पा., जिल्ला लगायत सर्वसाधरणले गरीब घरपरिवारको प्रारम्भिक तथा अन्तिम सूची हेर्न सक्ने जस्ता विशेषत सहितको MIS तयार भएको ।

३. अन्तरनिकाय मन्त्रालयहरू: अर्थ मन्त्रालय, संघियमामला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, शहरी विकास मन्त्रालय, उर्जा मन्त्रालय र अन्य निकायहरू: केन्द्रीय तथ्यांक विभाग, गरिबी निवारण कोष तथा दातृनिकायहरू: विश्व बैक, जाईका, डव्लु. एफ.

पि., जि.आई. जेठ. लगायतका निकायहरूमा गरीब घरपरिवार पहिचान, डाटा प्रयोग र उपादेयताको बारेमा छलफल तथा प्रस्तुती गर्ने कार्य भएको ।

४. पहिचान भएका गरीब घरपरिबारहरूलाई दिईने सेवा सुविधा र सामाजिक सुरक्षाका कार्यक्रमहरूको बारेमा शहरी विकास मन्त्रालय, भूमीसुधार मन्त्रालय, यातायात तथा भौतिक निर्माण मन्त्रालय, आपूर्ती मन्त्रालय, वाणिज्य मन्त्रालय, उद्योग मन्त्रालय, सिंचाई मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय लगायतसँग छलफल गर्ने कार्य भएको ।

५. गरीब घरपरिवार पहिचान सम्बन्धी कार्य गरिरहेको National Household Targeting Office Philippines र भारत सरकारको निमन्त्रणाम Rural Economic Development Ministry ले सञ्चालन गरेका ईन्दिरा गान्धी आवास योजान, सौचालय निर्माण योजना, सुद्ध खानेपानी योजना, गरीब घरपरिवार पहिचान कार्यक्रम लगायतका लक्षित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन असल अभ्यासहरू सम्बन्धी तालिम कार्यशालामा भाग लिने कार्य भएको ।

६. कार्यक्रम सञ्चालन भएका जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रमूख दलहरूका जिल्ला प्रमूख सदस्य हुने अनुगमन तथा गुनासो सुनुवाई समितिको बैठकमा विशेष आमन्त्रीतको रुपमा भाग लिई कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन र उपयोगिताको बारेमा अन्तरक्रिया तथा छलफलमा भाग लिने कार्य भएको । साथै स्थानीय विकास अधिकारीको संयोजकत्वमा गठीत जिल्ला समन्वय समितिको बैठकमा प्रमूख आमन्त्रीको रूपमा उपस्थित भई कार्यक्रम उपादेयताको बारेमा जानकारी गर्ने कार्य भएको ।

७. सिन्धुली, सिराह, तनहुँ, अछाम लगायतका जिल्लाहरूका अति गरीब वस्तीहरूमा जनस्तरमा कार्यक्रमको बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा संलग्न भएको ।

८. सिराह, तनहुँ र अछाम जिल्लामा सञ्चालित गरीब घरपरिवार पहिचान कार्यको प्रत्यक्षरूमा १ हजार १ सय घरपरिवारहरूको फिल्ड भ्यारिफिकेसन कार्य सम्पन्न गरी सोबाट प्राप्त नतिजा तथा सुझावहरू सहितको प्रतिबेदन बोर्ड बैठकमा पेश गर्ने कार्य भएको ।

९. बोर्ड सचिवालयको वेवसाईड पहिलो तयार गरी सार्वजनीकरण गर्ने कार्य भएको ।

१०. कर्मचारीहरूको काम कारवाहीलाई चुस्त र दुरूस्तरूपमा सञ्चालन गर्नको लागि बोर्ड सचिवलयको संगठन संरचना लागु गरी सम्पूर्ण कर्मचारीहरूको कार्यादेश तथा जिम्मेवारी तोक्ने कार्य भएको ।

## ४.३ अन्य कार्यहरू र सोको प्रगती

१. मन्त्रालय, बोर्ड र बोर्ड सचिवलय बीच समन्वायत्मक भूमिका नर्वाह गर्ने कार्य भएको ।

२. कर्मचारी व्यबस्थापन सम्बन्धी कार्य तथा बोर्ड सचिवालयलाई आबश्यक पूँजीगत समान खरिदको लागि मन्त्रालयसँग समन्वयात्मकरूपमा कार्य भएको ।

३. बोर्ड सचिवलयको लागि आबश्यक २ वटा सवारी साधन अर्थ मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहयोगमा बोर्ड सचिवालयले प्रयोग गर्ने गरी नाममा ल्याउने कार्य भएको ।

## ४. बोर्डले सम्पन्न गर्नु पर्ने आगामी कार्यहरू

बोर्ड उद्देश्य अनुरूप बोर्ड सचिवलयले २५ जिल्लाका गरीब पहिचान गर्ने र नीज परिवारहरूलाई परिचयपत्र तथा सेवा सुविधाहरू वितरण कार्यको सहजीकरण गर्ने कार्य प्रभावकारीरूपमा अगाडी बढीरहेको छ । यसको बाबजुद बोर्डको उद्देश्य त्यतीले मात्र पुरा हुन सक्दैन । यसका लागि निम्न कार्य समयमै सम्पन्न गर्ने जिम्मेवारी बोर्ड सचिवालयमा रहेको देखिन्छ ।

१. गरीब घरपरिवारहरूको प्रारम्भिक सूची जनस्तरमा पुर्याई गुनासो सुनुवाई सम्पन्न गर्नु र गरीब घरपरिवारहरूको अन्तिम सूची मन्त्रिपरिषद्बाट स्वीकृत गराउने ।

२. २५ जिल्लाका करिब ३ लाख ५६ हजार ४ सय १८ गरिब घरपरिवारहरूलाई परिचयपत्र वितरण गर्ने ।

३. गरीब घरपरिवारहरूलाई दिईने सेवा सुविधाको बारेमा गरिएको अध्ययनलाई मन्त्रिपरिषद्बाट स्वीकृत गरी लागु गराउने ।

४. गरीब घरपरिवार सर्बेक्षण गरी गरीब पहिचान गर्न बाँकी रहेका ५० जिल्लामा सर्बेक्षण सञ्चालन गर्ने ।

५. बाँकी ५० जिल्लामा सर्बेक्षण सञ्चालनको लागि विद्युतिय विधिको प्रयोग गरी डाटा ईन्ट्रीकार्य फिल्डस्तरमा सञ्चालन गर्ने कार्यको तयारी र व्यबस्थापन गर्ने कार्य ।

६. सरोकारवाला निकायहरूलाई गरीब घरपरिवारहरूको सूची प्रयोग गर्ने र तत: परिवारहरूलाई दिईने सेवा सुविधाहरूको व्यबस्थित लगत राख्ने विषयमा समन्वय र सहयोग गर्ने कार्य ।

७. गरीब घरपरिवाहरूको विबरण निरन्तर अद्यावधिक, व्यबस्थित सूचना प्रणाली, गुणस्तरीय तथ्यांक संकलन तथा प्रशोधन, अन्तरनिकायहरू बीच समन्वय र सहयोग लगायत बोर्ड सचिवालयको संरचनाको बारेमा कानूनी तथा नीतिगत सुधार गर्ने कार्य ।

अन्तमा: सरकार प्रमुख एवम् सम्माननीय प्रधानमन्त्री ज्यूले यस कार्यक्रमको गाम्भिर्यतालाई मनन गरी आबश्यकता बमोजिम बोर्ड बैठकलासई सहज र उपयोगी बानाईदिनु भयो, उहाँ प्रति आभार प्रकट गर्दछु । त्यसैगरि सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव लगायत बोर्डका सम्पूर्ण सदस्य ज्यूहरूको सहयोग र सद्भावले गर्दा बोर्ड बैठक उपलब्धिमूलक भयो र उहाँहरू

प्रति पनि आभारी छु । यस अबधिमा बोर्डका सदस्य सचिव एवम् सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव श्री सुरेश प्रधानको निरन्तर सहयोग र सुझाव, बोर्ड सचिवालयका प्रशासनिक कार्यमा पूर्णरूपमा सहयोग गर्ने उपसचिव श्री रमेश पुडासैनी र गरीब घरपरिवार पहिचान प्रक्रियामा निरन्तर लागि रहनु हुने निर्देशक श्री ढुण्डीराज लामिछाने, तथ्यांक अधिकृत द्वय श्री सुरेन्द्र पाण्डेय र कुल प्रकाश न्यौपाने पनि विशेष धन्यवादका पात्र हुनु हुन्छ । उहाँहरूकै सामूहिक प्रयत्नले बोर्ड सचिवालयले छोटो अवधिमा उल्लेखनिय कार्यहरू गर्न सफल भएको छ ।

## धन्यबाद

चिन्तन पौडेल

कार्यकारी उपाध्यक्ष

गरीब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय